# अर्घाखाँची जिल्ला अदालत

## कर्मचारी आवश्यकता सम्वन्धी सूचना

(प्रथम पटक प्रकाशित मितिः२०७५/१२/१०)

यस अदालतमा रिक्त रहेको देहाय बमोजिमका कर्मचारीहरु आवश्यक भएकोले उक्त पदमा सेवा करारमा लिन देहाय बमोजिमको योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र अर्थात २०७५।१२।१७ गते सम्म (३५ बर्ष उमेर ननाघेका पुरुष र ४० बर्ष उमेर ननाघेका महिला नेपाली नागरिकहरुले) आफ्नो शैक्षिक योग्यता, अनुभव र नेपाली नागरिकता समेतका आवश्यक प्रमाणपत्रका प्रतिलिपि सहित यस अदालतको प्रशासन शाखामा आफ्नै हस्तलिखित आवेदन गर्नु हुन सम्वन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

१) **पदः-** सहायक कम्प्युटर अपरेटर (राजपत्र अनंकित द्बितिय श्रेणी) ।

**पद संख्याः-** १ (एक) ।

**गर्नु पर्ने कामः-** डाटा ईन्ट्री गर्ने, फैसला टाईप गर्ने र अन्य तोकिएको काम गर्ने ।

**आवश्यक न्युनतम शैक्षिक योग्यताः-** एस.एल.सी. / एस.ई.ई. परीक्षा उत्तिर्ण भई कम्प्युटर सम्वन्धी तालिम लिई आधारभुत ज्ञान प्राप्त गरेको र नेपाली यूनिकोडमा कम्प्युटर टाईप गर्न जानेको।

**आवश्यक अनुभवः-** सम्वन्धित कामको अनुभव भएको उम्मेदवारलाई प्राथमिकता दिईने छ ।

**पारिश्रमिकः-** सम्झौतामा उल्लेख भए बमोजिम ।

**परीक्षाको किसिमः-** प्रयोगात्मक र अन्तरवार्ता

<u>दरखास्त साथ पेश गर्नु पर्ने कागजातहरुः-</u>

नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि, कम्प्युटर तालिमको प्रमाण पत्रको प्रतिलिपि र कार्य अनुभव भए सोको प्रतिलिपि ।

२) **पदः-** तामेल्दार (राजपत्र अनंकित द्बितिय श्रेणी) ।

**पद संख्याः-** १ (एक) ।

**गर्नु पर्ने कामः-** म्याद सुचना तामेल गर्ने तथा अदालतको अन्य काम ।

**आवश्यक न्युनतम शैक्षिक योग्यताः-** एस.एल.सी. / एस.ई.ई. परीक्षा उत्तिर्ण गरेको ।

**आवश्यक अनुभवः-** सम्वन्धित कामको अनुभव भएको उम्मेदवारलाई प्राथमिकता दिईने छ । (कम्प्युटर सम्वन्धी आधारभुत ज्ञान भई नेपाली यूनिकोडमा कम्प्युटर टाईप गर्न जानेकालाई विशेष प्राथमिकता दिईने छ )।

**पारिश्रमिकः-** सम्झौतामा उल्लेख भए बमोजिम ।

**परीक्षाको किसिमः-** लिखित / अन्तरवार्ता ।

<u>दरखास्त साथ पेश गर्नु पर्ने कागजातहरुः-</u>

नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि, कार्य अनुभव भए सोको प्रतिलिपि ।